# दोलखा जिल्लामा ढुंगा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी

# नियमन कार्यविधि-२०७७

जिल्ला अनुगमन समिति, दोलखा

१. **प्रस्तावना**

जिल्लाका स्थानीय तहहरुबाट स्वीकृत बातावरणीय परीक्षण प्रतिवेदनका आधारमा ढुंगा, गिट्टी, बालुवा तथा अन्य खानीजन्य पदार्थ ढुंगाको संकलन, उत्खनन् तथा उपभोग जस्ता कार्यलाई विधिसम्मत, व्यवस्थित र मर्यादित बनाउदै निर्माण सामाग्रीको अनियन्त्रित दोहनलाई निरुत्साहित गरी दिगो उपयोग गर्न र यस क्षेत्रबाट प्राप्त हुने राजस्व संकलनलाई व्यवस्थित गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत ढुंगा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा १५ ले प्रदान गरेको अधिकार प्रयोग गरी जिल्ला अनुगमन समितिबाट मिति २०७७।०६। मा स्वीकृत गरी यो कार्यविधि जारी गरिएको छ।

२. **उद्देश्य**

क) ढुंगा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन कार्यलाई सम्बन्धित स्थानीय तहबाट स्वीकृत प्रारम्भिक वतावरणीय परीक्षण प्रतिवेदनका शर्त तथा मापदण्ड अनुरुप गर्न गराउन अनुगमन, निरीक्षण र नियमन गर्ने।

ख) नदी तथा खानीको आसपासका क्षेत्रमा रहने भौतिक संरचना तथा अन्य सार्वजनिक संरचनामा प्रतिकूल प्रभाव पर्न नदिने।

ग) ढुंगा, गिट्टी, बालुवा तथा खानीजन्य पदार्थको गैह कानूनी संकलन एवं उत्खननलाई पूर्ण रुपमा निषेध गर्ने।

घ) ढुंगा, गिट्टी, बालुवा तथा खानीजन्य पदार्थको अभाव हुन नदिई सहज आपूर्तिमा जोड दिदै पूर्वाधार निर्माणलाई सहयोग पुर्याउने।

ङ) जलवायु परिवर्तनका नकारात्मक प्रभावहरुलाई न्यूनीकरण गर्दै वातावरणमा प्रतिकूल प्रभाव पार्न नदिने।

च) ढुंगा, गिट्टी, बालुवा तथा खानीजन्य पदार्थको उत्खनन्, संकलन तथा बिक्री वितरणबाट प्राप्त हुने राजस्व संकलनलाई व्यवस्थित गर्ने।

छ) दिगो विकासलाई संबोधन र प्रवर्द्धन गर्ने।

३. **निरीक्षण अनुगमन एवं नियमनको कार्यक्षेत्र**

क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बागमती प्रदेश सरकारको तर्फबाट नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि-२०७५,ले तोकेका क्षेत्रहरु

ख) नदीजन्य पदार्थको उत्खनन तथा संकलन गर्ने गरी स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनले तोकेका स्थान र क्षेत्रहरु।

ग) प्राविधिक टोलीको सिफारिशमा जिल्ला विपद् व्यवस्थापन समितिद्धारा विस्तृत विवरण र सीमांकन सहित तोकेका क्षेत्र।

घ) निजी जग्गाबाट उत्खनन गरी ढुंगा, गिट्टी, बालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ निकाल्न प्रचलित कानुन बमोजिम अनुमति प्रदान गरिएको क्षेत्र।

ङ) प्रचलित कानुन बमोजिम खानी तथा क्रशर उद्योग सञ्चालन र निर्माण सामाग्री आपूर्तिको लागि तोकिएको क्षेत्र।

४. नदीजन्य पदार्थको संकलन, उत्खनन र बिक्री गर्ने प्रक्रिया

नदी क्षेत्रबाट नदीजन्य पदार्थको संकलन, उत्खनन र बिक्री गर्न वातावरण संरक्षण ऐन, २०७६ तथा ढुंगा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्धी मापदण्ड, २०७७ बमोजिम संकलन, उत्खनन तथा बिक्री गर्न सकिनेछ। स्थानीय तहहरुले स्वीकृत वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन र प्राविधिक सिफारिश समितिले दिएको प्रतिवेदनका आधारमा तोकिएको विधि, परिमाण र हाते औजार वा मेशिनरी औजार प्रयोग गरी उत्खनन, संकलन तथा भण्डारण गर्नु/गराउनु पर्नेछ।

४.१ नदिजन्य पदार्थ उत्खनन् गर्दा सामान्यतया श्रमपूलक प्रविधिको प्रयोग गर्नु पर्नेछ। मेशिनको प्रयोग गर्नु पर्ने भएमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित शर्त र सीमा भित्र रही गर्नु पर्नेछ। विपद् जोखिम संवेदनशील क्षेत्रमा मेशिनको प्रयोग गर्नु पर्ने भएमा जिल्ला विपद् व्यवस्थापन समितिको अनुमति लिनु पर्नेछ।

४.२ घनावस्ती र वन क्षेत्रको दुई किलोमिटर, राजमार्गको दुई सय मिटर दुरी भित्रको नदी, सडक पुल तथा झोलङ्गे पुलको एक किलोमिटर तल र पाँच सय मिटर माथिको नदीजन्य पदार्थ उत्खनन् र संकलन गर्न पाइने छैन।

४.३ ढुंगा, गिट्टी, बालुवा उत्खनन् एवं संकलन गर्ने क्रममा विपद्का दृष्टिले थप जोखिम निम्तिन सक्ने अवस्था सिर्जना भएमा जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिशको आधारमा जिल्ला अनुगमन समितिले उत्खनन् एवं संकलन कार्यमा निश्चित समय तोकि रोक लगाउन सक्नेछ।

४.४ नदिजन्य पदार्थ उत्खनन् एवं संकलन गर्दा नदीको बहाव परिवर्तन नहुने साथै सिंचाई प्रणाली लगायतका संरचनाहरुलाई समेत असर नपर्ने गरी गर्नु पर्नेछ।

४.५ वन क्षेत्रबाट सामान्यतया ढुंगा, गिट्टी, बालुवा उत्खनन् गरिने छैन। वन क्षेत्रबाट उत्खनन् गर्नु पर्ने भएमा सम्बन्धित निकायको सहमतिमा वातावरण अध्ययन प्रतिवेदनमा उल्लिखित विधि अनुसार सम्बन्धित गाँउपालिका वा नगरपालिकाले ढुंगा, गिट्टी तथा बालुवा उत्खनन्, संकलन र बिक्री गर्न सक्नेछ।

४.६ राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रको ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य पदार्थको उत्खनन् तथा संकलन सम्वन्धी व्यवस्था प्रचलित संघीय कानुन बमोजिम हुनेछ।

४.७ नदिजन्य पदार्थ उत्खनन् गर्दा असार, श्रावण र भाद्र मसान्तसम्म नदी वा खोलाको आसपास क्षेत्रबाट ढुंगा, गिट्टी, बालुवा उत्खनन् तथा संकलनको कुनै कार्य गर्न पाउने छैन।

४.८ उत्खनन्, संकलन र बिक्री वितरण गरिएको ढुंगा, गिट्टी, बालुवा तथा खानीजन्य पदार्थको तथ्यांक/प्रतिवेदन दैनिक रुपमा अद्यावधिक प्रमाणीकरण गरी राख्नु पर्नेछ। उत्खनन् तथा संकलनको अनुमति पत्र अनुमति पाएको एक महिना भित्र र मासिक प्रतिवेदन महिना समाप्त भएको पन्ध्र दिन भित्र जिल्ला अनुगमन समितिमा नियमित रुपमा पठाउनु पर्नेछ।

४.९ बिहानको सूर्योदय अगावै र रातीको सूर्यास्त पश्चात नदीजन्य पदार्थको बिक्री वितरण तथा कुनैपनि स्थानमा मेशिन औजार संचालन वा कुनै प्रकृतिको उत्खनन तथा संकलन कार्य गर्न पाइने छैन।

४.१० बगिरहेको पानीको बहाव भित्रबाट नदीजन्य सामाग्रीहरुको उत्खनन तथा संकलन गर्न पाइने छैन।

४.११ सञ्चालित क्रशर उद्योग कुनै किसिमका आयोजना खनिजजन्य पदार्थ उत्खनन तथा सञ्चालन गर्दा सम्बन्धित पालिकाबाट स्वीकृति लिएर मात्र मेशिन स्काभेटर जेसिभि प्रयोग गर्न पाउने र जसका लागि सम्भावित क्षेत्र, परिमाण र आयोजना सञ्चालन हुने भूगोलको समेत उल्लेख भएको हुनु पर्नेछ।

४.१२ नदीजन्य पदार्थ वा सामाग्री उत्खनन तथा संकलन गर्ने कम्पनी र मेशिन औजार र सो मेशिन औजार चलाउने अपरेटरको विवरण खुल्ने कागजात मासिक रुपमा सम्बन्धित पालिकाले जिल्ला समन्वय समितिलाई उपलब्ध गराउनु पर्नेछ।

४.१३ स्वीकृती प्राप्त क्षेत्रमा उत्खनन कार्य गर्ने व्यवसायी वा आयोजनाहरुले आवश्यक प्रक्रिया पुरा गरी एक क्षेत्रमा एउटा मात्र मेशिन औजार प्रयोग गर्न पाउनेछन्।

४.१४ नदीजन्य सामाग्री उत्खनन तथा संकलन गर्ने क्रममा कुनै मानवीय तथा भौतिक क्षति हुन पुगेमा अनुमति प्राप्त गर्ने सम्बन्धित कम्पनी, आयोजना वा स्वयं व्यक्ति सोको जिम्मेवार हुनेछ।

४.१५ सडक सुरक्षाको लागि तोकिएको भारभन्दा बढी वा सवारी साधनहरुबाट पानी चुहाउदै ढुवानी गरेमा सो सवारी साधन तुरुन्त नियन्त्रणमा लिने र आवश्यक कारवाहीका लागि जिल्ला अनुगमन समितिमा पठाउनु पर्नेछ।

४.१६ खोलाको बहाव परिवर्तन हुने गरी ह्यूमपाइप प्रयोग गर्न पाइने छैन। तोकिएको क्षेत्रबाट नदी पार गरी सामाग्री उत्खनन तथा संकलन गर्नु परेमा सम्बन्धित पालिकाको अनुमति लिएर मात्र गर्न सकिनेछ।

४.१७ साधारण निर्माणजन्य खानी उत्खननका लागि सम्बन्धित निकायमा दर्ता नवीकरण गर्ने र सो अनुसार स्वीकृत खानी योजनाको परिधि र मापदण्डको अधिनमा रही उत्खनन तथा संकलन कार्य गर्नु पर्नेछ।

४.१८ पर्यावरणीय सन्तुलन कायम गर्न तथा नदीजन्य पदार्थको दिगो उपयोगको लागि जिल्ला सभाले निर्णय गरी स्थानीय पालिकाहरुको सहभागितामा विभिन्न योजना तथा कार्यक्रमहरु सञ्चालन गर्नु पर्नेछ।

## ५. खानीजन्य पदार्थ उत्खनन सम्बन्धी व्यवस्था

५.१ खानीबाट ढुंगा, गिट्टी, बालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खनन् एवं संकलन गर्ने कार्य प्रचलित कानुन बमोजिम तोकिएको निकायबाट अनुमति लिई गर्नु पर्नेछ।

## ६. भण्डारण तथा प्रशोधन गर्ने प्रक्रिया

६.१ सिधै उपयोग गर्न नसकी प्रशोधन गर्नु पर्ने, तत्काल भण्डारण गर्नु पर्ने नदीजन्य श्रोत स्थानीय तहले तोकेको स्थानमा घाट गद्दी गर्ने वा मापदण्ड पुगेको प्रशोधन केन्द्र वा उद्योगमा भण्डारण गर्न सकिनेछ।

६.२ घाट गद्दी गरिएका सामाग्रीहरु स्थानीय तहहरुले बिक्रीमूल्य लिई बिक्री वितरण गर्न सक्नेछन्। क्रशर उद्योगहरुले संकलन गरी मौज्दात रहेको नदीजन्य पदार्थका सम्बन्धमा नापजाँच गरी बिक्री मूल्य दाखिला भएपछि प्रशोधन र बिक्री गर्नु पर्नेछ। यो प्रक्रिया बोलपत्र व्यवस्थापनका माध्यमबाट गर्नु पर्नेछ।

६.३ प्रशोधन केन्द्रहरुले तोकिएको प्रयोजनका लागि भण्डारण र प्रशोधन गरिएका सामाग्रीहरुको मौज्दात समाप्त भएपछि मात्र नदीबाट थप उत्खनन गर्न पाउनेछन्।

६.४ ठेक्का अवधि समाप्त भएपछि वा चालु आर्थिक वर्ष समाप्त भएपछि घाट गद्दी गरिएका वा प्रशोधन उद्योगमा बाँकी रहेका गिट्टी, बालुवा, रोडा, ढुंगा, माटो आदिको मौज्दात शुण्य भएको मानिनेछ।

६.५ आर्थिक वर्ष शुरु भएपछि बाँकी रहेका नदीजन्य श्रोतहरु सम्बन्धित गाँउपालिका वा नगरपालिकाको सिफारिशमा जिल्ला अनुगमन समितिले प्राविधिक सहितको स्थलगत निरीक्षणबाट प्रमाणित गरेपछि मात्र स्थानीय तहहरुले संकलन र बिक्री शुल्क लिई उपभोग अनुमति दिनु पर्नेछ । यो प्रक्रिया बोलपत्र व्यवस्थापनका माध्यमबाट गर्नु पर्नेछ।

**नदीजन्य पदार्थ उत्खनन एवं संकलन क्षेत्रको अनुगमन विधि**

सम्बन्धित गाँउपालिका वा नगरपालिकाबाट स्वीकृत वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन बमोजिम ठेक्का व्यवस्थापन भएका ढुंगा, गिट्टी, बालुवा, खानीजन्य पदार्थ तथा क्रशर उद्योगहरुको समुचित व्यवस्थापनका लागि निम्नानुसार उत्खनन्, संकलन, ओसारपसार तथा सोको निरीक्षण, अनुगमन र नियन्त्रण गरिनेछ।

७.१ कार्यविधि पालना भए नभएको, उत्खनन् परिमाणको नियन्त्रण, राजस्व चुहावट तथा चोरी नियन्त्रण लगायतका अवैध कार्यहरुको रोकथाम गर्न नियमित अनुगपन गरिनेछ।

७.२ सम्बन्धित गाँउपालिका वा नगरपालिकाले वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्दा र ठेक्का व्यवस्थापनका सिलसिलामा राखिएका विधिसम्मत प्रक्रिया तथा शर्तहरु यस कार्यविधिको अभिन्न अंग मानिनेछ।

७.३ अनुगमन कार्य र प्रक्रियाहरुका सम्बन्धमा सम्मानीत सर्वोच्च अदालतको आदेश, संघीय वा प्रदेश सरकारबाट जारी भएका र हुने ऐन, नियम, कार्यविधि, परिपत्र र निर्देशनहरु समेतलाई आधार मानिनेछ।

७.४ स्थलगत अनुगमन सम्बन्धी कार्यलाई नियमित र व्यवस्थित गर्न गराउन जिल्ला अनुगमन समितिले उपसमिति गठन गर्न समेत सकिने छ।

७.५ स्थलगत अनुगमन उपसमितिले दिएको प्रतिवेदन सुझाव आदिलाई समेत यस कार्यविधिको आधार मान्न सकिनेछ।

७.६ जिल्ला विपद् व्यवस्थापन समितिको निर्देशन एवं निर्णय समेत यस कार्यविधिको अंग मानिनेछ।

७.७ अनुगमनको क्रममा कुनै समस्या देखिएमा जिल्ला समन्वय समितिको समन्वयमा संघीय वा प्रदेश सरकारसँग निर्देशन माग गर्न सकिनेछ।

७.८ स्थानीय तहहरुले सरोकारवाला निकायहरु समेतको सहभागितामा आवश्यक संयन्त्र बनाई नदीजन्य पदार्थहरुको उपलब्धता, उत्खनन, प्रशोधन र ढुवानी तथा बजार माग समेतलाई आधारमानी प्रत्येक महिनाको पहिलो हप्ता भित्र अधिकतम बिक्री मूल्य तोकी अनिवार्य रुपमा लागु गर्नु पर्नेछ। उक्त कार्यका लागि आवश्यकतानुसार सुरक्षा र सरोकारवाला निकायहरुको सहयोग लिई कालो बजारी, कृत्रिम अभाव तथा चोरी निकासी रोक्न प्रभावकारी व्यवस्था गरी जिल्ला अनुगमन समिति समेतलाई जानकारी गराउनु पर्नेछ।

८. मापदण्ड सम्बन्धी व्यवस्था

८.१ क्रशर उद्योग तथा मेशिन औजार प्रयोग गरी गरिने नेचुरल प्रशोधन सञ्चालन सम्बन्धमा संघीय तथा प्रदेश सरकारले तोकि दिएको मापदण्ड तथा कार्यविधि बमोजिम हुनेछ ।

८.२ मेशिन प्रयोग नगर्ने फिरफिरे तथा स्थानीय बालुवा धुने प्रविधि (हाते बालुवा प्लाण्ट) सञ्चालन सम्बन्धी व्यवस्थाका लागि देहाय बमोजिम हुनेछ ।

क) निजी तथा नम्बरी जग्गामा उद्योग तथा भण्डारण स्थल निर्माण भएको हुनु पर्नेछ ।

ख) सम्बन्धित सरकारी निकायहरुमा उद्योगको अभिलेखीकरण तथा नवीकरण हुनु पर्नेछ ।

ग) उद्योगको कार्यस्थलमा दैनिक/बार्षिक क्षमता लगायतका विवरणहरु खुल्ने गरी होडिङ् वोर्ड राख्नु पर्नेछ ।

घ) उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ क्षमताको अधिनमा रही स्थानीय तहको अनुमतिमा वातावरणीय अध्ययन गरेको क्षेत्रबाट मात्र संकलन गर्नु गराउनु पर्नेछ ।

ङ) खोला तथा नदीको बातावरणीय संरचनालाई प्रतिकूल असर पर्ने गरी कुनैपनि क्रियाकलाप गर्न पाइने छैन ।

च) उद्योग सञ्चालन गर्दा सडक तथा खोला नदीको वहावलाई असर नपर्ने गरी गर्नु पर्नेछ ।

छ) उद्योगबाट निस्कने फोहर पानी संङ्ल्याएर मात्र नदी तथा खोलामा मिसाउनु पर्नेछ । त्यसका लागि पानी थिग्राउने तीन तहको सुरक्षित ट्यांकी निर्माण गरी उक्त स्थानबाट पानी बाहिर पठाउनु पर्नेछ ।

ज) खानेपानी, सिंचाई, घट्ट, बाँध, पैनी, खेतीयोग्य जमिन तथा सार्वजनिक सरोकार र महत्वका संरचनाहरुमा प्रतिकूल असर पर्ने गरी उद्योग सञ्चालन गर्न पाइने छैन ।

झ) ढुंगा, गिट्टी, बालुवाको उत्खनन् तथा संकलन, खानीजन्य पदार्थको बिक्री वितरण तथा क्रशर उद्योग सञ्चालकहरुले बार्षिक कारोवारको विवरण सम्बन्धित स्थानीय तह र जिल्ला अनुगमन समितिमा नियमित रुपमा पठाउनु पर्नेछ ।

ञ) कालोबजारी, कार्टेलिङ् वा कसैलाई अवरोध गरी बिक्री वितरण गर्न पाइने छैन । तोकिएको बिक्री मूल्य भन्दा बढीमा बिक्री गरेको पाइएमा तोके बमोजिमको जरिवाना असूल गरिनेछ । उक्त कसूर दोहोर्याएमा उद्योग बन्द गर्ने आदेश दिन समेत सकिनेछ ।

ट) स्थानीय तहहरुले बातावरण तथा वसोवासमा कुनै प्रतिकूल असर पर्ने देखिएमा सो व्यवस्थापनका लागि अन्य मापदण्डहरु तय गर्न सक्नेछन् ।

९. दण्ड जरिवाना

९.१ प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारबाट जारी भएका कानुन, मापदण्ड, निर्देशिका तथा यस कार्यविधि बमोजिमका प्रक्रिया पुरा नगरी क्रशर सञ्चालन, खानीजन्य पदार्थ र नदीजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा उत्खनन्, संकलन, बिक्री वितरण तथा ओसारपसारको कार्य गरेमा जिल्ला अनुगमन समितिले देहाय बमोजिमको दण्ड जरिवाना गर्न सक्नेछ । जरिवाना गरिएको रकम सम्बन्धित गाँउपालिका वा नगरपालिकाको राजस्व खातामा जम्मा गर्नु पर्नेछ ।

| क्रम संख्या | कसूरको किसिम | दण्ड जरिवाना |
|---|---|---|
| १ | नदीको वहावभित्र मेशिन प्रवेश गराई सामाग्री संकलन गरेको अवस्थामा पक्राउ परेमा | मेशिन/स्काभेटर/जेसिभि २ लाख, ट्रक तथा टिपरको ३० हजार र ट्याक्टरको १० हजार जरिवाना हुने। |
| २ | विना ईजाजत मेशिन औजार प्रयोग गरेमा | १ लाख जरिवाना हुने। |
| ३ | तोकिएको भन्दा वढी गहिराईमा प्रवेश गरी उत्खनन् गरेमा | १ लाख जरिवाना हुने। |
| ४ | तोकिएको भन्दा वढी संख्यामा मेशिन प्रयोग गरेमा प्रति मेशिन | ५० हजार जरिवाना हुने। |
| ५ | रातीको समयमा उत्खनन वा संकलन गरेमा | ३ लाख |
| ६ | नदीको वहाव परिवर्तन गरी उत्खनन् गरेमा | २ लाख जरिवाना हुने। |
| ७ | निषेधित क्षेत्रमा प्रवेश गरी उत्खनन वा संकलन गरेमा | १ लाख जरिवाना हुने। |
| ८ | पानी चुहाउदै नदीजन्य श्रोतको ढुवानी गरेमा | ५ हजार जरिवाना हुने। |
| ९ | प्रवेश अनुमति वा राजस्व तिरेको निस्सा नलिई उत्खनन्, संकलन स्थलमा प्रवेश गर्ने सवारी साधनलाई | २५ हजार जरिवाना हुने। |
| १० | अवैध रुपमा क्रशर उद्योग सञ्चालन गरेमा | २ लाख जरिवाना गरी बन्द गर्न निर्देशन दिने। |
| ११ | क्रशर उद्योगहरुले तोकिए बमोजिमका मापदण्ड/शर्तहरु पालना नगरेमा | ५० हजार जरिवाना हुने। |
| १२ | अवैध रुपमा खानी सञ्चालन गरेमा वा खानीजन्य पदार्थको बिक्री वितरण गरेमा | अनुगमन समितिले राजस्व वा अन्य क्षतिको अध्ययन गरी दण्ड जरिवाना यकीन गर्ने। |
| १३ | बोलपत्रमा उल्लेखित शर्तहरु उलंघन गरेमा | अनुगमन समितिको निर्णयानुसार जरिवाना हुने। |
| १४ | उत्खनन् वा संकलन कार्यको लगत/तेरिज नराखेमा वा चोरी गरी संकलन गरेमा वा सडक क्षेत्राधिकार भित्र सञ्चय गरेमा | संकलित मालवस्तु जफत गरी लिलाम गर्ने, प्रयोग भएको साधनलाई सि.नं १ बमोजिमको जरिवाना गर्ने र जफत गरिएको मालवस्तु लिलाम बिक्रीका लागि सम्बन्धित स्थानीय तहमा पठाउने। |
| १५ | उल्लेख गरिए बाहेकका अन्य कसूर गरेमा | अनुगमन समितिको निर्णयानुसार जरिवाना गर्ने। |

९.२ माथि उल्लेखित कसूरहरु दोहोर्याएमा तोकिएको जरिवानामा पहिलो पटक २५ प्रतिशत र त्यसपछि ५० प्रतिशत थप हुनेछ।

९.२ कार्यविधि विपरितको कार्य गरेमा त्यस्ता सवारी साधनहरुलाई नेपाल प्रहरी र शसस्त्र प्रहरी बलले तुरुन्त नियन्त्रणमा लिई तोकिए बमोजिमको जरिवानाका लागि जिल्ला अनुगमन समितिमा पठाउनु पर्ने।

९.३ दण्ड जरिवानाको निर्णय गर्ने अधिकार जिल्ला अनुगमन समितिमा मात्र रहनेछ ।

९.४ जिल्ला अनुगमन समितिको निर्णय बमोजिमको जरिवाना रकम सम्बन्धित गाँउपालिका वा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नका लागि जानकारी गराउनु पर्नेछ ।

९.५ निषेधित कार्य गरे वापतको दण्ड जरिवानाबाट प्राप्त रकमको १० प्रतिशत रकम कारवाहीमा संलग्न प्रहरी तथा कर्मचारीलाई जिल्ला अनुगमन समितिको सिफारिशमा सम्बन्धित गाँउपालिका वा नगरपालिकाले प्रोत्साहन वापत उपलब्ध गराउनु पर्नेछ ।

९.६ जफत गरिएका नदीजन्य तथा खानीजन्य श्रोतहरुको विवरण जिल्ला समन्वय समितिको कार्यालयले सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराउनेछ । जफत सामाग्री सम्बन्धित गाँउपालिका वा नगरपालिकाले कानुन बमोजिम लिलाम बिक्री गर्नु पर्नेछ ।

## १२. अनुगमन खर्च

प्रदेश सरकारले जारी गरेको नदीजन्य पदार्थ संकलन उपयोग सम्बन्धी व्यवस्था गर्न बनेको कार्यविधि, २०७५ को परिच्छेद ६ दफा १५(४) बमोजिम स्थानीय तहले संकलन गरेको संकलन तथा बिक्री शुल्कको ०.५ प्रतिशतले हुने रकम चौमासिक रुपमा जिल्ला समन्वय समितिको कार्यालयले तोकेको खातामा अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ । सो रकमबाट अनुगमन समितिको बैठक, अनुगमन खर्च, क्षमता विकास तथा अन्य प्रशासनिक कार्यमा खर्च गरिनेछ ।

## १३. वाधा अड्काउ फुकाउने अधिकार

१३.१ यस कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै कठिनाई वा द्विविधा उत्पन्न भएमा जिल्ला अनुगमन समितिले संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

१३.१ प्रस्तुत कार्यविधि नेपालको प्रचलित कानुनसँग बाझिएको हदसम्म स्वत: वदर भएको मानिनेछ ।